आज मिति २०८२/१०/२६ गतेका दिन सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाकोको बैठक यस नगरपालिकाका नगरप्रमुख श्री कृष्णप्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायबमोजिमका निर्णय गरियो।

आर्थिक वर्ष २०८२/८३ कार्यपालिका बैठक सङ्ख्या: ०८ (आठौं)

| क्र. स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री कृष्णप्रसाद श्रेष्ठ | |
| २ | सदस्य | श्री मिश्रा आचार्य | |
| ३ | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४ | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५ | सदस्य | श्री जम्सेर मियाँ | |
| ६ | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७ | सदस्य | श्री ऋषभ अधिकारी | |
| ८ | अध्यक्ष | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९ | सदस्य | श्री चुरा बहादुर के. सि. | |
| १० | सदस्य | श्री हुम प्रसाद बज्राडे | |
| ११ | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२ | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३ | सदस्य | श्री चेतनारायण आचार्य | |
| १४ | सदस्य | श्री नारायण खड्का | |
| १५ | अध्यक्ष | श्री सीता बस्तेत | |
| १६ | सदस्य | श्री लिला भुसाल | |
| १७ | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८ | सदस्य | श्री शारदा परियार | |
| १९ | सदस्य | श्री मान बहादुर सुनार | |
| २० | सदस्य | श्री सुरज बि.क. | |
| २१ | सदस्य | श्री बसन्त नेपाली | |
| २२ | सचिव | श्री प्रमोद खनाल | |

मितिः २०८२/१०/२६

आर्थिक वर्ष २०८२/८३ बैठक सङ्ख्या ८

निर्णयहरू

१.सङ्घीय समपूरक अनुदान र विषेश अनुदान अन्तर्गत स्थानीय तहबाट आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि मिति २०८२/०८/२६ मा राष्ट्रिय योजना आयोगबाट प्रकाशित सूचना बमोजिम सन्धिखर्क नगरपालिकाबाट आगामी आर्थिक वर्ष २०८३/८४ को लागि सङ्घीय समपुरक अनुदान तर्फ *गत वर्ष नै प्रस्ताव आह्वान गरी* कार्यान्वयनमा रहेको तपसिलको आयोजना अपुरो रहने हुँदा क्रमागत आयोजनाको रुपमा राखी समपूरक अनुदानका लागि राष्ट्रिय योजना आयोगमा प्रस्ताव गर्ने र सोका लागि नगरपालिकाको तर्फबाट ६० प्रतिशत लागत साझेदारी सुनिश्चित गर्ने।

।

| प्राथमिकता क्रम | आयोजनाको नाम | क्षेत्र | लागत अनुमान | यस वर्ष विनियोजित रकम रु. | आगामी बर्षको लागि आवश्यक रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फुदबाङ-डिही-किटेनी-खाँचीमैदान-खाँचीखोला-देउराली सडक स्तरोन्नती | सडक पूर्वाधार | ६,९९,५६,१४२ | २,२५,००,००० | ४,७४,५६,१४२ | क्रमागत |

२. सङ्घीय समपूरक अनुदान र विषेश अनुदान अन्तर्गत स्थानीय तहबाट आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि मिति २०८२/०८/२६ मा राष्ट्रिय योजना आयोगबाट प्रकाशित सूचना बमोजिम सन्धिखर्क नगरपालिकाबाट आगामी आर्थिक वर्ष २०८३/८४ को लागि सङ्घीय समपुरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा ३ को खण्ड (झ) *(स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र, औद्योगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक तथा प्रदेश लोकमार्ग र सो अन्तर्गतका सडक पुल)* मा रहेको व्यवस्था बमोजिम देहायका योजना छनोट गरी कार्यविधिको दफा ४ तथा अनुसूची-१ अनुसार प्रस्ताव तयार गरी समपूरक अनुदानका लागि राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेस गर्ने र सोका लागि नगरपालिकाको तर्फबाट ६० प्रतिशत लागत साझेदारी सुनिश्चित गर्ने।

२०८२/१०/२६



०८२/१०/२६

CamScanner

| प्राथमिकता क्रम | आयोजनाको नाम | क्षेत्र | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| २ | सन्धिखर्क नगरपालिका वडा नम्बर १ र २ का बजार क्षेत्र जोड्ने सडक सडक स्तरोन्नती | पूर्वाधार | ६,९९,९५,५१० | नयाँ |

३. सङ्घीय समपूरक अनुदान र विषेश अनुदान अन्तर्गत स्थानीय तहबाट आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि मिति २०८२/०८/२६ मा राष्ट्रिय योजना आयोगबाट प्रकाशित सूचना बमोजिम समन्धिखर्क नगरपालिकाबाट आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय विषेश अनुदानका लागि *सङ्घीय विषेश अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२* को दफा ३ को उपदफा १ (क)र (ग ) संग सम्बन्धित अनुसूची-१ को सि. न. १ र ३ मा रहेको व्यवस्था बमोजम तपशिलका आयोजना छनोट गरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेस गर्ने निर्णय गरियो

| प्राथमिकता क्रम | आयोजनाको नाम | क्षेत्र | लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|
| १ | साना सहरी खानेपानी आयोजनाको पाइपलाइन वितरण, व्यवस्थापन तथा सुविधा विस्तार | खानेपानी तथा सरसफाइ | २,९९,९६,१८७ | नयाँ |
| २ | सन्धिखर्क नगरपालिका भित्रका माध्यमिक विद्यालहयहरुको शैक्षिक गूणस्तर सुधार कार्यक्रम | शैक्षिक क्षेत्रको विकासको लागि सेवाको गुणस्तर अभिवृद्दी | ३,००,००,००० | नयाँ |

२०८२।१०-२६.

०८२।१०।२६

४. गत आर्थिक वर्षमा सङ्घीय विशेष अनुदान अन्तर्गत बहुवर्षीय आयोजनाको रुपमा प्रस्ताव गरी यस वर्ष कार्यान्वयनमा रहेको रु. ३,००,००,००० (तिन करोड) लागत अनुमान रहेको आयोजना "कृषिजन्य वस्तु सङ्कलन तथा बिक्री केन्द्र निर्माण, स्थापना र उपकरण व्यवस्थापन आयोजना सन्धिखर्क-१ अर्घाखाँची" मा चालु आर्थिक वर्षको लागि सङ्घीय सरकारबाट रु. ६८,००,००० ( अठसट्ठी लाख) विनियोजन भएको र सो रकमा बाट यस वर्ष कोल्ड च्याम्बर निर्माण कार्यमा ठेक्का आहान गर्ने तयारी रहेको तथा यस वर्षको निर्माण कार्यबाट यस नगरपालिकाको तत्कालिन आवश्यकता सम्बोधन हुने देखिएकोले थप निर्माण कार्यको लागि रकम माग गर्न आवश्यक नपरेको देखिएको हुँदा आगामी आर्थिक वर्षहरुमा रकम माग नगर्ने।

५.सङ्घीय सरकारको सडकबोर्ड कार्यक्रम तर्फ प्राप्त बजेट रु. ३१ लाख र नगरपालिकाको म्याचिङ रु. २४ लाख गरी जम्मा रकम रु. ५५,००,००० (पचपन्न लाख) बाट तपसिल बमोजिमका स्थानमा कार्य गर्ने गरी आयोजना छनोट गर्ने

तपसिलः

- फुदवाङ बजारको गच्छेतर्फ जाने उकालो बस्ती तर्फको सडक मर्मत,
- गुण्टखीला किरियापुत्री देखि खानेपानी ट्याङ्किनिरको बस्तीसम्मको सडक मर्मत,
- विहार पुलदेखि कविरा पिपलबोटसम्मको सडक मर्मत,
- अर्घा दुर्गा भगवती मन्दिरदेखि घुम्तीसम्मको सडक मर्मत
- हटारी ॐ मार्ग सडक मर्मत,
- शंङ्खेटारी जाने स्कुलको मोडदेखी भद्रीखोला जाने मोडसम्म सडक मर्मत,
- शिद्धेश्वर शिवालय मन्दिर अगाडी बाटो मर्मत,
- सन्धिखर्क नगरपालिका वडा नम्बर १ र २ का नाली स्तरोन्नती।

६.सन्धिखर्क साना शहरी खानेपानी तथा सरसफाइ नगर आयोजना उपभोक्ता मुल संस्थाले खानेपानी आयोजना व्यवस्थित गर्ने प्रयोजनार्थ विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिदिनको लागि नगर विकास कोषमा सिफारिस गरिदिन अनुरोध भए बमोजिम सिफारिस गरिदिने।

२०८१।१०।२६

०८१।१०।२६